नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep
# १५

२२ असार २०७७

# दैनिक विपद् बुलेटिन

२१ असार बिहान १०:०० बजेदेखि २२ असार बिहान १०:०० बजे सम्म

नेपालमा आज पहिरोका घटना धेरै छन् । डोटीको पुर्विचौकी गाउँपालिकामा गएको पहिरोमा परेर १ जनाको मृत्यु भएको छ । यो सहित अन्य विभिन्न जिल्लामा गरेर ११ स्थानमा पहिरो गएको छ भने पहिरोबाट ५ जना घाइते भएका छन् । मोरङ र सुनसरीमा सर्पले टोक्दा २ जना घाईते भएका छन् भने बाँकेमा जंगली बदेलले आक्रमण गरी २ जनालाई घाईते बनाएको छ । उदयपुर, सिरहा र नवलपरासी पश्चिममा गरी ३ स्थानमा आगलागी भएको छ । ललितपुर, अछाम, संखुवासभा र डोटीमा गरेर अविरल बर्षासँगै आएको बाढीले भौतिक संरचनामा क्षति पुर्याएको छ ।

| मृत्यु संख्या | हराएको | घट्ना संख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १ | ० | २० | ९ | ११,५०,००० | ४ | १६ |

## घट्ना सारांश...

- मुलुकभर गएको २४ घण्टामा विपद्का **२०** वटा घट्नाहरु भएका छन् ।
- **डोटीको** पुर्विचौकी गाउँपालिका वडा नं.. ४ नुवाकोटमा माथिबाट **पहिरो** आई एक घर पुरिँदा सोही घरका ४ महिनाको बालकको घटनास्थलमा नै **मृत्यु** भएको र अर्को एक व्यक्तिको हात र खुट्टामा चोट लागेको छ । यस्तै आदर्श गाउँपालिका वडा नं.. ५ स्थित सायल खोलामा आएको बाढीले **एउटा** पसल बगाउनुका साथै अन्दाजी २०/२५ घरधुरीको खेत समेत बगाएको छ । यसैगरी बोक्तान गाउँपालिका वडा नं.. ५ डुमरीमा **पहिरो** आई गोठ भत्किदा गोठमा रहेका २ वटा गाई मरेका छन् ।
- **बाँके**को डुडुवा गाउँपालिका वडा नं.. २ बेतहनीमा आफ्नै घरमा बसीरहेको अवस्थामा **जंगली बदेल** आई **आक्रमण** गर्दा २ जना घाईते भएका छन् ।
- **मोरङ**को बिराटनगर महानगरपालिका वडा नं. १८ स्थित डग्राहा टोलमा घरको आगनमा बसि रहेको अबस्थामा **सर्पले** टोक्दा एक जनालाई घाईते भएको छ ।
- **सुनसरी** हरिनगरा गाउँपालिका वडा नं.. २ मा खेतमा आली लगाउने क्रममा **सर्पले** टोक्दा एकजना घाईते भएको छ ।
- **बझाङ** जयपृथ्वी नगरपालिका वडा नं. ७ सुबेडा भन्ने स्थानमा **पहिरो** आई एक गोठ भत्कदा एक १२ वर्षका बालक **घाईते** भएको छ ।
- **उदयपुर**को त्रियुगा नगरपालिका वडा नं. १४ सिम्कौलेको एकघरमा खाना पकाउने चुलोबाट अचानक **आगलागी** हुँदा अन्दाजी **रू.३ लाख ५० हजार बराबरको** क्षति भएको छ ।
- **सिरहाको** मिर्चैया नगरपालिका वडा नं.. ५ को एकघरमा खाना पकाउने क्रममा अचानक ग्यााँस लिक भई **आगलागी** हुँदा अन्दाजी **रु. ६ लाख** बराबरको क्षति भएको छ ।

## घट्ना सारांश...

- **बैतडीको** सिगास गाउँपालिका वडा नं. ६ थलकाडास्थित एक घरमा पछाडीबाट **पहिरो** आई घरमा समान्य क्षति पुर्याएको छ ।
- **अछाम**को साँफेबगर नगरपालिका वडा नं. ४ नयाँबस्तीको एउटा कच्ची घरको पछाडी पट्टीको भित्ता बर्षातका कारण भत्किई घर भित्र रहेको अन्नपात, लत्ताकपडा क्षती भई गोठमा रहेको १ वटा बाखा मरेको छ ।
- **दार्चुलाको** मालिकर्जुन गाउँपालिका वडा नं. ३ स्थित एक घर अविरल वर्षापछि आएको **पहिरो**का कारण भत्किई पुर्णरुपमा क्षति भएको छ ।
- **संखुवासभा** सिलिचोङ गाउँपालिका वडा नं. ५ मा **अबिरल बर्षाको** कारण जमिन भाँसिई **घरको** पर्खाल लड्दा घरमा बसोबास गर्न नमिल्ने भई **अं.रु.२ लाख** बराबरको क्षति भएको छ ।
- **नवलपरासी पश्चिम** बर्दघाट नगरपालिका वडा नं. ४ स्थित दाउन्ने जंगल उकालोमा भैरहवाबाट पोखरातर्फ सिमेन्ट लोड गरी जाँदै गरेको **ट्रकमा** अचानक **आगलागी** भएको छ ।
- **पाल्पा** तानसेन नगरपालिका वडा नं. ७ स्थित बंशगोपाल मन्दिर नजिकै **बाँसटारी-दरबारथुँगा** जोड्ने भित्री सडक खण्डमा वाल लगाउने क्रममा माथिबाट **पहिरो** खस्दा ३ जना सामान्य घाईते भएका छन् ।
- **जाजरकोट** जुनीचाँदे गाउँपालिका वडा नं. ६ स्थित एउटा गोठ भत्कदा गोठमा रहेका ७० वटा बाखा १० वटा खसी ४ वटा गाई पहिरोमा परेको जस मध्ये ४ वटा बाखा जिबित भेटिएको र ४ वटा बाखा ४ गाई १ वटा गोरु मृत अवस्थामा भेटिएको छ।

## सडक अवरोध

- **ललितपुरको** बागमती गाउँपालिका वडा नं. ३ भट्टेडाडा स्थित **चापागाउँबाट हेटौडा जानेबाटो** अबिरल बर्षाको कारण पहिरो आई अबरुद्ध भएको छ ।
- **बझाङको** जयपृथ्बी नगरपालिका वडा नं. ७ को सुबेडामा अबिरल बर्षाको कारण कचाली खोलामा पहिरो आई **जयपृथ्बी राजमार्ग** अबरोध भएको छ ।
- **दार्चुलाको** महाकाली नगरपालिका वडा नं. ९ दत्तुमा अबिरल बर्षाका कारण बाटो माथी बाट पहिरो आई **दार्चुला सडक खण्ड** अवरुद्ध भएको छ ।
- **संखुवासभा**को चैनपुर नगरपालिका वडा नं. २ चित्लाङ भगवतीडाँडा टोलस्थित **चैनपुर नुनढाकी निर्माणाधिन कच्ची सडक** खण्डमा पहिरो गई बाटो पुर्णरुपमा अबरोध भएको छ ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोली बझाङको पहिरो गएको स्थानमा पुगेर उद्धारको कार्य गरिरहेको छ । आगलागीका घाईतेलाई स्थानीय स्वास्थ्य उपचार केन्द्रमा पुर्याउनुका साथै पहिरोका कारण अबरुद्ध बनेको बाटो खोल्ने प्रयास भइरहेको छ ।

**वर्षाको सारांशः**

२०७७ साल असार २१ गते बिहान ०८:४५ बजे देखि असार २२ गते बिहान ०८:४५ सम्म

आज असार २२ गते बिहान ०८:४५ बजे १२९ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ४९ र स्वचालितः ८०) मा मापन गरिएको वर्षाको विवरण अनुसार ९९ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (६४.४ मि. मी.) दैलेख जिल्लाको दैलेख केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये ६ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, २३ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ४० वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

जलवायु सम्बन्धी थप जानकारीको लागि www.dhm.gov.np/climate/ मा हेर्नुहोस।

**आगामी असार २५ गते देखि देशैभरका नदीको बहाव बढ्ने र असार २६ -२९ गते सम्म कन्काई, कोशी, कमला, बागमती, नारायणी र यसका सहायक नदी लगायत प्रदेश १ र २ को चुरे र तराईबाट बहने प्राय सबै नदीमा बहावले सतर्कता तह पार गरी केहीमा खतरा आसपास पुग्ने संभावना रहेकाले संभावित उच्च जोखिम सामना गर्न पूर्वतयारीलाई प्राथमिकता दिन अनुरोध छ ।**

**स्रोतः** **जल तथा मौसम विज्ञान विभाग**

## बाढी पूर्वानुमान

<u>असार २२ (सोमबार)</u>

- आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीहरुमा बहाव बढ्दो हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती,बबई लगायतमा बहाव बढ्दो हुने र बहाव सतर्कता भन्दा तलै हुने संभावना । आज बागमती, तिनाउ, पश्चिम राप्ती र बबईका केहि स-साना सहायक नदीमा बहाव बढ्दो हुने केहिमा बहाव सतर्कता तह आसपास सम्म पुग्न सक्ने ।
- आज सप्तरी, सिराहा,धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट, उदयपुर, ओखलढुङगा, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, सिन्धुली, काभ्रेपलान्चोक, काठमाण्डौ उपत्यका, मकवानपुर, नुवाकोट, रसुवा, धादिङ, गोरखा, लमजुङ, तनहूँ, कास्की, स्याङजा, बागलुङ, पर्वत,म्याग्दी, चितवन, नवलपरासी, रूपन्देही, कपिलबस्तु, गुल्मी,पाल्पा, अर्घाखाँची, रोल्पा, रूकुम, प्यूठान, दाङ, बाँके, बर्दिया, जाजरकोट, सुर्खेत, दैलेख, ,कैलाली, कञ्चनपुर, अछाम,डोटी बझाङ, बाजुरा, डडेलधुरा र आसपास जिल्ला भई बहने केहि साना नदी जलाधारमा क्षणिक मध्यम बर्षा भई आसपासका केहि स-साना खोलाहरुमा बहाव बढ्ने तथा केहिमा सतर्कता आसपास पुग्न सक्ने ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/